प्रतिदिन पप्पू भौं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

वर्ष-१५ ।। अङ्क : ११४ ॥ २०८० जेठ २१ गते आईतबार (4th Jun 2023 Sunday) | Pratidin National Daily | मूल्य-रु.५/-

# बन्नै लागेको एसियन हाइवेमा मर्मतका लागि सवा करोडको नीतिगत भ्रष्टाचार

झापा(प्रस) ।एसियन हाइवेको रुपमा काँकडभिट्टादेखि सुनसरीको लौकहीसम्म चार लेन सडकको ठेक्का आव्हान भइसकेको अबस्थामा सडक विभागले सोही सडकमा मर्मतका लागि भन्दै करिव सवा करोड रकम नीतिगत भ्रष्टाचार गरेको छ । केही महिनापछि निर्माण हुने सडकको छेउछेउमा मर्मतका लागि राज्यको बजेट खेर फालेको भन्दै सर्वसाधारणले त्यसप्रति चासो व्यक्त गरेका छन् । काँकडभिट्टादेखि मावासम्मको सडकमा बस रोक्ने स्टेन्डमा मर्मतका लागि त्यति रकम खर्च भइरहेको हो । बिर्तामोड , चारपाने , दुर्गापुरलगायतका बसस्टेन्डमा अहिले भइरहेको मर्मतप्रति सर्वसाधारणले सडक विभाग , जिल्ला प्रशासन कार्यालयलगायतका निकायको ध्यानाकर्षण गराइसकेका छन् । तर, काम रोकिएको छैन । सडक विभागले नयाँ ठेक्काको रुपमा सो बजेट खर्च गरेको हो । 'आगामी मंसिरदेखि चार लेनको सडक बन्ने भन्ने कुरा चलिरहेछ । तर त्यहि सडकमा भत्काएर के गरेको ?त्यो सडकमा अहिले भत्काएर फेरि कालोपत्र किन बनाउनु पर्यो ?'बिर्तामोड २ का देवी काफ्लेले सामाजिक संजालमा लेखेका छन्, 'यहाँका सबै तहका जनप्रतिनिधिहरुले हेर्नुपर्ने होइन र ?सडक बिभागले एक्लौटी गर्दा सम्बन्धित निकायले किन नहेरेको ? यसलाई नीतिगत भ्रष्टाचारको पराकास्ठा होइन भनेर कसरी नभन्ने?'

एसियाली विकास बैंकको सहयोगमा काँकडभिट्टादेखि सुनसरीको लौकहीसम्मको सडक करिब ४६ अर्ब लगानीमा निर्माण हुन लागेको हो ।आयोजनाले हाल सडक विस्तारका लागि ठेक्का आह्वान गरिसकेको छ भने सरकारले गत जेठ १५ गतेको आगामी आर्थिक वर्षको बजेटमा रकम विनियोजन गर्ने निर्णय गरिसकेको छ । एसियाली विकास बैंकको सहयोगमा चार लेनको सडक विस्तार हुन समय लाग्ने भएकाले हाललाई गाडी रोक्ने ठाउँहरुमा सस्तो प्रविधिमा सडक मर्मत गर्ने काम भइरहेको सडक डिभिजन कार्यालय दमकका प्रमुख सुरेश पौडेलले बताए । उनले सडक मर्मतका लागि ५-६ करोड बजेट माग भएकोमा पछि चार लेनको बन्ने भएर करिव सवा करोडमा सस्तो ठेक्का लगाएको जानकारी दिए । सर्वसाधारण जनताले बन्न लागेको चार लेनको सडकमा त्यसरी मर्मतका लागि बजेट छुट्याउँदा चासो लिनु जायज भएको उनले स्वीकारे । एसियाली

विकास बैंकको सहयोगमा निर्माण हुन लागेको सो सडकका लागि ठेक्का आव्हान मात्र भएको भन्दै उनले लोन एग्रिमेन्टकै प्रक्रियामा रहेकाले ठेक्का संझौता भइनसकेको बताए । 'एसियन हाइवेको अत्यन्त महत्व छ तर , पूरा हुन समय लाग्छ 'उनले भने ,' एसियन हाइवे बन्नुभन्दा अगाडि नै पूर्वपश्चिम राजमार्ग नभत्कियोस् भनेर मर्मत गरेका हौं ।' एसियन हाइवे सम्पन्न हुन केही वर्ष लाग्न सक्ने डिभिजन इन्जिनियर पौडेलले अनुमान गरे ।

काँकडभिट्टादेखि कोशी गाउँपालिकाको लौकहीसम्म कुल लम्बाई ९६ किलोमिटर रहेको छ। काँकडभिट्टादेखि सुनसरीको लौकहीसम्मको सडक विस्तार अगामी वर्षदेखि सुरु हुने भएको छ। आयोजनालाई ५ प्याकेजमा ठेक्का लगाइने भएको छ। यसमा काम गर्न इच्छुक निर्माण कम्पनीहरुले बुझाएका आर्थिक प्रस्ताव मूल्यांकनका क्रममा छन्। यो सडक एसियन स्ट्यान्डर्ड मापदण्डको बन्नेछ।

सडकको चौडाई २४ मिटरदेखि ५० मिटरसम्म हुनेछ। सडकको अधिकार क्षेत्र (राइट अफ वे) केन्द्र भागबाट २५-२५ मिटर हुने छ। आवश्यकता अनुसार सडकखण्डका विभिन्न भागमा साना पुलहरु पनि निर्माण हुने भए पनि ६ ठुला पुलहरु यसमा पर्नेछन्।
यो सडक खण्ड आयोजना कोशी प्रदेशको झापा, मोरङ र सुनसरी जिल्लामा पर्नेछ। यो सडकमा चिया बगान क्षेत्र, कृषि जमिन र वन क्षेत्र समेत पर्दछ। यस सडकले चारआलीमा मेची राजमार्ग र इटहरीमा कोशी राजमार्गलाई जोडेको छ।
काँकडभिट्टा-लौकही राजमार्गले ७१ खोलाहरु पार गर्नुपर्नेछ। ती सबैमा पुलहरु निर्माण गर्नुपर्ने अध्ययनले देखाएको छ। जसमा ३९ आरसीसी टी-बीम पुल, २३ आरसीसी स्ल्याब पुल, दुईवटा बक्स पुल, सातवटा भेन्टेड पाइप ब्रिजहरु रहेका छन्। सर्भिस रोड पनि दुवै साइटमा निर्माण गरिनेछ। शहरी क्षेत्रमा भने साइकल लेन, फुटपाथ तथा आकाशेपुल वा अन्डरपास पनि निर्माण हुनेछ।
जनावरहरुको आउजाउका लागि वन क्षेत्रमा वन्यजन्तुमैत्री क्रसिङ ब्रिज, ड्रेनेजहरु, स्लोप प्रोटेक्सन तथा अफ रोड सेफ्टीहरु निर्माण हुनेछन्। सहरी क्षेत्रमा क्यारिज-वे चार लेनको दुवैपट्टी ७.५/७.५ मिटरको हुनेछ भने फुटपाथ तथा साइकल लेन दुवैपट्टी ५.५०/५.५० मिटरको निर्माण गरिनेछ। यस्तै सर्भिस लेन सडकको दुवैतिर ६.५०/६.५० मिटरको रहेको छ। शहरी क्षेत्रमा सडक फुटपाथसहित ६ लेनमा विस्तार गरिनेछ।
यस्तै, ६ वटा पुल भने ल्यान्डमार्क ब्रिजका रुपमा निर्माण हुने बताइएको छ। यसका लागि भने आयोजनाले ठेक्का आह्वान गरेको छ। यी पुलको लम्बाई ३१८ मिटरदेखि ७०३ मिटरसम्म हुनेछ। जसमा निन्दा ब्रिज ३१८ मिटर, बिरिङ ब्रिज ३९८ मिटर, कन्काई ब्रिज, ७०३ मिटर, रतुवा ब्रिज ५८२ मिटर, बक्रा ब्रिज ३१८ र लोहेन्द्रा ब्रिज ३८४ मिटर लम्बाईको हुनेछन्।
यसैगरी, सडकखण्डमा आकाशेपुल १० र साना खालका अन्डरपास २० वटा निर्माण हुने जनाइएको छ। सडक विस्तार गर्न निर्माण कम्पनीले निर्माण सामग्रीहरु स्थानीय स्रोतबाट खरिद गर्नुपर्ने शर्त राखिएको छ। १२ वटा ठाउँमा आयोजनाका लागि क्याम्प निर्माण गरिनेछ।

आयोजनाका अनुसार साइट क्लियर भएपछि सन् २०२३ मा ठेकेदारलाई निर्माण कार्यका लागि जिम्मा दिइनेछ। आयोजनाका अनुसार यो सडक विस्तार कार्य २०२६ सम्ममा पूरा भएर संचालनमा आउनेछ। यस सडक परियोजनाबाट १२ लाखभन्दा बढी मानिसहरु लाभान्वित हुनेछन्।

सडक विस्तारका क्रममा ३६७ धरधुरीको ३७७ वटा निजी संरचनाहरुलाई प्रत्यक्ष रुपमा असर गर्ने देखिएको छ। यस्तै, २६९ वटा सामुदायिक संरचनाहरु, १४२ वटा चौतारी, २२ वटा मठमन्दिर, ४० प्रहरी चौकी लगायतका निजी तथा सार्वजनिक संरचनाहरुलाई असर गर्नेछ। यसैगरी यस आयोजनामा वन क्षेत्रबाट चार हजार ३५३ र अन्य रोडसाइडबाट आठ हजार १९५ वटा रुख काट्नु पर्नेछ। आयोजना सहनिर्देशक राकेश महर्जनका अनुसार सडक विस्तार कार्यका लागि ठेक्का आह्वान गरिएको छ ।

आयोजनाका अनुसार यो सडक विस्तार कार्य तीन वर्षमा सम्पन्न हुने बताइएको छ । तर हालसम्म नेपाल सरकारले एसियाली विकास बैंकसंग ऋण सम्झौता गरेको छैन । यदि चालु आर्थिक वर्षभित्र सम्झौता गरे आगामी वर्षबाट काम सुरु हुने सहनिर्देशक महर्जनले जानकारी दिए । सडक निर्माण तीन वर्षमा सक्ने लक्ष्य राखिएपनि पुल निर्माणका लागि भने पाँच वर्ष समयावधि छुट्याइएको छ । त्यसपछिको थप २४ महिनासम्म मर्मतसम्भारको जिम्मा पनि निर्माण कम्पनीले लिनुपर्नेछ ।

# नेपालमा धेरै जनसंख्या भएको जाति क्षेत्री र कम नुराङ

झापा(प्रस) । नेपालमा सबैभन्दा धेरै क्षेत्री जातिको जनसंख्या रहेको राष्ट्रिय जनगणना २०७८ को अन्तिम तथ्यांकले देखाएको छ ।
राष्ट्रिय तथ्यांक कार्यालयले शुक्रवार सार्वजनिक गरेको जातजाति, भाषा र धर्मसम्बन्धी विवरणले दोस्रोमा पहाडी ब्राह्मणको जनसंख्याको मानिस बसोबास गर्ने औंल्याएको छ ।
कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ को १६.४५ प्रतिशत अर्थात ४७ लाख ९६ हजार ९९५ जना क्षेत्री छन् ।
त्यस्तै, पहाडी ब्राह्मणको जनसंख्या ११.२९ छ भने तेस्रो नम्बरमा मगर ६.९, चौथो नम्बरमा थारु जातिको जनसंख्या ६.२ प्रतिशत जनसंख्या रहेको कार्यालयको विवरणमा उल्लेख छ ।
त्यस्तै, ११ जातिको संख्या एक हजारभन्दा कम रहेको विवरणमा देखिएको छ । जसअनुसार नुराङ जातिको जनसंख्या देशभर ३६ जना मात्रै रहेको छ । कार्यालयको अन्तिम तथ्यांकमा ११ जातिहरु नुराङ, बनकरिया, कुसुण्डा, सुरेल, ल्होमी, वालुङ, राउटे, तोप्केगोला, फ्री र कलार जातिहरुको देशभरमा जनसंख्या एक हजारभन्दा कम रहेको छ ।
**कुन जातिको जनसंख्या कति ?(विवरणसहित पृष्ठ ३ मा )**

# मोटरसाइकल दुर्घटनामा घाइते एलिसाको मृत्यु

झापा(प्रस) । आठ दिनअघि मोटरसाइकल दुर्घटनामा परी घाइते भएकी झापा बुद्धशान्ति १ की २१ वर्षिया एलिसा अधिकारीको उपचारका क्रममा मृत्यु भएको छ । जेठ १२ गते बिहान ११ बजे बुद्धशान्ति गाउँपालिका- १ स्थित शान्ति चोकस्थित भित्री सडकमा भएको मोटरसाइकल दुर्घटनामा परि उनी घाइते भएकी थिइन् । उनको शनिवार बिहान राति २.३० बजे उपचारको क्रममा बिर्तासिटि हस्पिटल बिर्तामोडमा मृत्यु भएको प्रहरीले जनाएको छ । उनी स्थानीय सीतारमेश बहुमुखी क्याम्पसमा बीबीएस दोस्रो वर्षकी विद्यार्थी थिइन् । पूर्वबाट पश्चिमतर्फ जाँदे गरेको मे ७ प ८१८१ नं को मोटरसाइकल र विपरित दिशाको मे १ प ९७६५ नं को अर्को मोटरसाइकल एकापसमा जुधेका थिए । मे ७ प ८१८१ नं को मोटरसाइकलमा मृतक अधिकार ीसहित तीन जना सवार थिए । दुर्घटनामा सोही मोटरसाइकलमा सवार बुद्धशान्ति १ कै २० वर्षिया स्वस्तिका श्रेष्ठ पनि सामान्य घाइते भएकी थिइन् ।

दुर्घटनापछि मे ७ प ८१८१ नं को मोटरसाइकलका चालक बुद्धशान्ति १ का २५ वर्षिय दिपेश ढकाल र मे १ प ९७६५ नं को मोटरसाइकलका चालक इलाम रोङ गाउँपालिका १ का ५८ वर्षिय धनबहादुर राईलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# ए डिभिजन : एक्लो दाबेदार चर्च ब्वाइज

झापा (प्रस) । सहिद स्मारक 'ए' डिभिजन लिग फुटबलमा शीर्ष स्थानको चर्च ब्वाइजले १२ औं जित निकालेको छ।
त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आज भएको खेलमा जावलाखेल युथ क्लबमाथि २-० को जित निकाल्दै दोस्रो स्थानको मच्छिन्द्रसँग ५ अंकको अग्रता बनाएको छ। चर्च ब्वाइजको जितमा अञ्जन बिष्टले गोल गरे। जितसँगै चर्च ब्वाइजले लिगमा ४४ अंक बनाएको छ। आजै भएको खेलमा सातदोबाटोले त्रिभुवन आर्मी क्लबलाई पराजित गरेको छ। च्यासल मैदानमा भएको खेलमा सातदोबाटोले आर्मीमाथि २-१ को जित निकालेको हो। सातदोबाटोको जितमा शिव सुवेदी र दीपकराज सिंह ठकुरीले एक/एक गोल गरे। आर्मीका लागि नवयुग श्रेष्ठले एक गोल गरे। जितसँगै सातदोबाटो ३२ अंकसहित लिगको पाँचौं स्थानमा उक्लिएको छ।
आजै भएको अर्को खेलमा थ्री स्टार र एपीएफले बराबरी खेल्दै अंक बाँडेका छन्। अन्तिम समयसम्म अग्रता जोगाउन नसक्दा एपीएफ बराबरीमा रोकिन पुगेको हो। एपिएफका लागि खेलको २३ औं मिनेटमा मणिकुमार लामाले गोल गर्दै अग्रता दिलाए पनि थ्रीस्टारका सुनिल तामाङले ८६ औं मिनेटमा बराबरी गोल फर्काए।
बराबरीसँगै एपीएफले ३० अंक बनाएको छ। थ्रीस्टारले २८ अंक बनाएको छ।
जारी लिगमा ४४ अंक सहित चर्च ब्वाइज शीर्ष स्थानमा छ। ३९ अंकको मच्छिन्द्र दोस्रो तथा ३७ अंक सहित जावलाखेल तेस्रो स्थानमा छ।

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्यास्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट यसपटक चैत २६ गते

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: प्रत्येक शनिबार

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

**डा. धर्मागत भट्टराई**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा प्रतिरक्षा (इम्युनिटि) रोग
DM- Pediatric Clinical Immunology & Rheumatology (PGIMER, Chandigarh, India)
MD- Pediatrics (PGIMER, Chandigarh, India)
Fellowship in Advance Immunology, Allergy & Bone Marrow Transplantation (USA)
MBBS (University of Calcutta, India)
NMC No.- 6516
नेपालको प्रथम एकमात्र बाल इम्युनोलोजिष्ट तथा न्यूमाटोलोजिष्ट
इम्युनोकेयर सेन्टर, काठमाडौंबाट
जिवनरक्षा पोलिक्लिनिक, बिर्तामोडमा
DOCTOR VISIT DATE
प्रत्येक महिना
यस पटक वैशाख १ र २ गते

स्वास्थ्य सेवामा सँगसँगै
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/मिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# गर्मी अझै बढ्न सक्ने

झापा(प्रस) । केही दिनयता मुलुकका अधिकांश क्षेत्रमा तापक्रम वृद्धि हुँदा गर्मी बढेको छ । मधेश प्रदेशका धेरै स्थानहरुमा तापक्रमले सीमा नाघेको छ । ती स्थानहरुमा ४० डिग्री सेल्सियस तापक्रम नाघेको छ । जेठ १६ गते रौतहटको गौरमा ४१.३ डिग्री पुग्दा १७ र १८ गते बढेर अधिकतम तापक्रम क्रमशः ४२.३ र ४३.३ डिग्री सेल्सियस पुगेको थियो । शुक्रबार नवलपुरको दुम्कौलीमा ४३ डिग्री मापन गरिएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । मध्य पहाडी क्षेत्रमा पनि तापक्रमले थ्रेसहोल्ड नाघेको छ । शुक्रबारको तथ्यांक अनुसार देशभरका २४८ वटा वर्षा मापन केन्द्रमध्ये १५ वटामा मात्रै वर्षा भएको पाइएको थियो । यस्तै, ३३ स्थानमा तापक्रम ३५ डिग्री सेल्सियस नाघेको थियो ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाका अनुसार भैरहवादेखि पूर्व सप्तरीसम्म तापक्रम ४० डिग्री सेल्सियस नाघेको छ । यस्तै, पूर्वी तराई र पश्चिमी तराईमा ३५ डिग्री सेल्सियस तापक्रम नाघेको झाले जानकारी दिए । शनिबार लुम्बिनी र सुदूरपश्चिमका पहाडी भू-भागमा तापक्रम ३८ डिग्रीसम्म मापन गरिएको छ । यस्तै, सुर्खेत,दाङ, धरानलगायत पहाडी खोंच/उपत्यकामा भएका सहरहरुमा तापक्रम ३५ नाघेको मौसमविद् झाले जानकारी दिए । ‘ अबको दुई दिनसम्म तापक्रम बढ्ने देखिन्छ,’ उनले भने ।

बर्दियाको चिसापानी केन्द्र, वीरगन्ज, विराटनगर, धरानबजारमा न्यूनतम तापक्रम २५ देखि २८ डिग्रीसम्म मापन गरिएको छ । तापक्रमसँगै गर्मी बढ्दा देशका विभिन्न स्थानहरुमा विद्यालय बिदा दिइएको छ ।

मौसम पूर्वानुमान महाशाखाकी वरिष्ठ मौसमविद् इन्दिरा कँडेलले मे, जुन र जुलाई महिनामा तापक्रम केही बढ्ने र गर्मी हुने बताइन् । ‘नेपालको भौगोलिक अवस्थितिले गर्दा यी महिनामा धेरै गर्मी हुने गर्छ,’ कँडेलले भनिन्,‘ वर्षा गराउने प्रणाली कम हुँदा तापक्रम बढेको हो ।’

नेपालमा अझै केही दिनसम्म पानी नपर्ने भएकाले तापक्रम थप बढ्नसक्ने उनले बताइन् । विभागले तापक्रमलाई आधार मानेर तातो, धेरै तातो र अति तातो भनेर वर्गीकरण गरेको छ । कुनै स्थानमा तीन दिनसम्म तातो दिन भए ती स्थानमा तातो हावा(हिट वेभ)को लहर चल्ने उनले बताइन् । विभागले यसका लागि छुट्टाछुट्टै मापन केन्द्रहरुमा तापक्रमको आधारमा पर्सेन्टाइल भ्यालुहरु राखेको छ । त्यसैको आधारमा तातो हावाको बारेमा पूर्वानुमान गर्ने गर्छ । ‘कुनै एउटा मापन केन्द्रमा तीन दिनसम्म तातो दिनको थ्रेसहोल्ड काट्यो भने हामीले तातो हावा चल्यो भन्छौं,’ कँडेलले भनिन् । पहाडी ठाउँमा ३० डिग्री नाघ्दा धेरैलाई गाह्रो हुन्छ भने मधेसमा सामान्य लिने गरिन्छ । मधेसमा तापक्रम ३५ नाघेपछि धेरै तातो मानिने गरिएको छ । यस्तै, कुनै ठाउँमा तापक्रम ४० डिग्री कट्दा अति तातो भनेर भनिएको छ । यस्तो अवस्थामा मानिसहरु बिरामी हुने सम्भावना हुने कँडेलले बताइन् । सूर्यको किरणसँग आउने तापले जमिन धेरै तताउने तर वर्षा नहुँदा जमिन तातिरहेको मौसमविद् झाले बताए । उनी भन्छन्,‘अहिले मौसम सफा छ । बदली पनि छैन, वर्षा पनि छैन, कुनै मौसमी प्रणाली नै सक्रिय छैन त्यसो हुँदा जमिन तातिरहन्छ । जमिन चिसिन नपाई तातो भएपछि गर्मी बढको हो । ’

**मनसुन केही दिन ढिला हुनसक्ने**

मौसम विज्ञान विभागले जेठ १८ देखि असोज १३ सम्मको अवधिलाई मनसुनी समय मानेको छ । गत वर्ष एक साताअघि नेपालमा मनसुन भित्रिएको थियो । यस वर्ष समयमा नै मनसुनी वर्षा हुने सम्भावना कम देखिएको मौसमविद् झा बताउँछन् । ‘ अहिलेको प्रणाली हेर्दा मनसुनी वर्षा सुरु हुन्छ भन्ने अवस्था छैन,’ झाले भने, ‘अरु बेला भारतको केरलामा जुन १ मा मनसुन सुरु भइसक्थ्यो । त्यहाँ अझै प्रणाली विकसित भइसकेको छैन । त्यसैले समयमा नै मनसुनी वर्षा हुने सम्भावना न्यून छ ।’

**स्वास्थ्यमा असर**

महाशाखाकी वरिष्ठ मौसमविद् कँडेल भन्छिन्, ‘तापक्रम ४० डिग्री नाघ्नु भनेको धेरै हो । यो थ्रेसहोल्ड नाघ्यो भने मानिसलाई धेरै नै असर गर्छ । ’ कुनै स्थानमा बसोबास गर्ने मानिसहरुलाई औसतभन्दा बढी तापक्रम हुँदा त्यसले पार्ने असर फरक हुने उनले बताइन् ।

‘काठमाडौंमा तापक्रम ३१ देखि ३२ डिग्री सेल्सियस भयो भने त्यो धेरै नै हो । विभिन्न स्वास्थ्य समस्या देखिन सक्छ,’ कँडेलले भनिन्, ‘तराईमा बसोबास गर्ने मानिसहरुका लागि त्यो तापक्रम सामान्य हुन सक्छ । ’ यसैबीच मौसम पूर्वानुमान महाशाखाले तापक्रम बढ्दै जाँदा शरीरलाई समेत असर गर्ने जनाउँदै स्वास्थ्यलाई ख्याल गर्न आग्रह गरेको छ । धेरै गर्मी हुँदा स्वास्थ्य असहज हुनुका साथै थकाइ लाग्ने, कमजोरी हुने, तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने,चक्कर आउने, बेहोस हुने वान्ता आउनसक्ने विभागले जनाएको छ । विभागले एक बुलेटिन निकाल्दै तातो हावा तथा लूबाट बच्नका लागि घरभित्र वा चिसो स्थानमा रहन आग्रह गरेको छ । यस्तै, बाहिरी वातावरणमा नजान साथै हल्का सुतीको कपडा लगाएर, टाउको छोपेर वा टोपी लगाएर बाहिर निस्कन आग्रह गरिएको छ । यस्तै, पानी, सर्वत लगायतका झोलिलो पदार्थ प्रशस्त पिउनुपर्ने विभागले सुझाव दिएको छ ।

# ओडिसा रेल दुर्घटनामा मृत्यु हुनेको संख्या २८८ पुग्यो

एजेन्सी । भारतको ओडिसामा रेल दुर्घटना हुँदा कम्तीमा दुई सय ८८ जनाको मृत्यु भएको छ । ओडिसाको बालासोरनजिक भएको उक्त दुर्घटनामा परी करिव आठ सय जना घाइते भएको स्थानीय प्रशासनले जनाएको छ । घटना शुक्रबार राति भएको थियो । घाइतेको उद्धारका लागि दुई सयभन्दा बढी एम्बुलेन्स परिचालन गरिएको ओडिसाको प्रमुख सचिव प्रदीप जेनाले बताएका छन् । उक्त घटना भारतमा भएका प्रमुख रेल दुर्घटनामध्येको एक भएको समाचारमा जनाइएको छ । स्थानीयअधिकारीहरूले मृतकको संख्या अझ बढ्न सक्ने बताएका छन् । घटनाको अनुसन्धान गर्न एक समिति गठन गरिएको छ ।

समितिले काम सुरु गरिसकेको केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णव जानकारी दिएका छन् । ओडिसाका मुख्यमन्त्री नवीन पटनायकले रेल दुर्घटनापछि राज्य दिवस मनाउने कार्यक्रम रद्द गर्दै एक दिने राजकीय शोकको घोषणा गरेका छन् । रेलवेको खड़गपुर डिभिजनका डीआरएमका अनुसार रेल दुर्घटनापछि कम्तीमा १३ वटा ट्रेन डाइभर्ट गरिएको छ ।

# दिवसको अवसर पारेर झापामा साइकल च्याली

बिर्तामोड, जेठ २० । विश्व साइकल दिवसको अवसर पारेर झापामा साइकल च्याली निकालिएको छ । राइड, कनेक्ट, एडभोकेट र इन्जोए भन्ने थिम बनाएर झापाली साइक्लिस्टहरुले च्याली निकालेका हुन् ।

झापा साइक्लिङ क्लबको आयोजनामा भएको कार्यक्रममा २५ जना साइक्लिस्टहरुको सहभागिता रहेको थियो ।

बिहान बिर्तामोडबाट सुरु भएको च्याली चारआलीबाट धाइजन हुँदै मागुरमाडी भएर निन्दा पोखरी पुगेको थियो ।

निन्दा पोखरीमा भएको छलफलमा साइकल दिवसलाई सार्थक पार्न झापामा साइकल संस्कृतिको विकास गर्न जरुरी रहेको सहभागीहरुको जोड थियो ।

च्यालीमा १० वर्ष उमेरदेखि ६० वर्ष उमेरसम्मका साइक्लिस्ट सहभागी रहेको क्लबका अध्यक्ष आकाश श्रेष्ठले जानकारी दिए ।

साइकल यात्रा निन्दा पोखरी हुँदै थोप्लेविरान वनको क्षेत्र-७ नम्बर बुधबारे-सेतीपानी-कालिस्थान-सालबारीबाट बिर्तामोडमा आएर टुंगिएको थियो । च्याली ५० किलोमिटर दूरीको रहेको थियो ।

# बिर्तामोड खानेपानीका नवनिर्वाचितलाई पद हस्तान्तरण

बिर्तामोड(प्रस) । बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको नवनिर्वाचित समितिलाई सपथ ग्रहण तथा पद हस्तान्तरण गरिएको छ । बिर्तामोडस्थित संस्थाको कार्यालय परिसरमा शनिबार सपथ ग्रहणपछि मेघराज बाँस्तोला नेतृत्वको कार्यसमितिले कार्यभार सम्हालेको हो । सपथ ग्रहण कार्यक्रमपछि अध्यक्ष जलकुमार गुरुङले नवनिर्वाचित अध्यक्ष बाँस्तोलालाई संस्थाको माइन्यूट हस्तान्तरण गरेका थिए । विधानतः निर्वाचन परिणाम घोषणा भएको सात दिनभित्र पद हस्तान्तरण गर्नु पर्ने प्रावधान रहेको छ ।कार्यक्रममा निर्वाचन समितिका संयोजक खगेन्द्र खरेलले नवनिर्वाचित अध्यक्षसहितका पदाधिकारी र सदस्यलाई सपथ ग्रहण गराएका हुन् । नवनिर्वाचित अध्यक्ष बास्तोलाले संस्थापक अध्यक्ष टोरुप प्रसाई र निवर्तमान अध्यक्ष जलकुमार गुरुङको राय, सुझाव, सल्लाह र मार्ग निर्देशनमा रहेर खानेपानी संस्था र उपभोक्ताको हितमा कार्य गर्ने प्रतिवद्धता जनाएका छन् ।

कार्यक्रममा नेपाली कांग्रेस झापा सचिव कृष्ण हुमागाई, नेकपा एमाले झापा जिल्ला कमिटी सदस्य बुद्धिराम भट्टराई, नेकपा (माओवादी केन्द्र) बिर्तामोड नगर अध्यक्ष मोहन सुब्बा, राप्रपा नगर अध्यक्ष रञ्जु प्याकुरेल बराल, राष्ट्रिय स्वतन्त्र पार्टी नगर अध्यक्ष शम्भु भण्डारी, जसपाका शिवन सुराली मगरलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन सञ्चारकर्मी केशव भट्टराईले गरेका थिए । बिर्तामोड खानेपानीको गत जेठ १५ गते सम्पन्न निर्वाचनबाट उपाध्यक्षमा शैलेन्द्र सिटौला, सचिवमा पारस मैनाली, कोषाध्यक्ष शारदा रिजाल, खुल्ला सदस्यमा आनन्द गुरुङ, खगेन्द्र थापा, महिला सदस्यमा बालादेवी खरेल, माया प्रधान खड्गी र कमला अग्रवाल निर्वाचित भएका थिए ।

# सहकारीबाट साढे ६ लाख चोरी

झापा(प्रस) । झापाको दमक नगरपालिका-४ कृष्ण मन्दिरस्थित परामर्श बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट नगद ६ लाख ६४ हजार ३ सय रुपैयाँ बिहीबार राति चोरी भएको छ ।

उक्त संस्थाको गेटको ताल्चा फुटाई प्रवेश गरेर लकरमा रहेको उक्त नगद चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

# काँकडभिट्टा नाकामा भारु नोट सटहीमा सकस

झापा(प्रस) । पूर्वीनाका काँकडभिट्टामा भारु नोट सटहीमा समस्या देखिएको छ ।

भारु दुई हजारका नोट फिर्ता लिने भारत सरकारको निर्णयलगत्तै सटहीमा समस्या देखिन थालेको हो । एक साताअघि भारतको केन्द्रीय बैंकले भारु दुई हजारका नोट फिर्ता लिने घोषणा गरेको थियो । त्यसलगत्तै सीमावर्ती नेपाली बजारमा साना दरका भारु

नोटको प्रचलनसमेत ह्वात्तै घटेको छ भने यातायात तथा पेट्रोलियम व्यवसायीले भारु नोटमा भुक्तानी लिन छाडेका छन् । पूर्वमेची बस व्यवसायी प्रालिका अध्यक्ष विष्णुकुमार श्रेष्ठले काँकडभिट्टामा भारुको कारोबार हुन छाडेको र मनी एक्सचेञ्जरले पनि भारु साट्दा अतिरिक्त कमिसन असुल्न थालेको बताए । उनले भारु एक लाख सटही गर्दा रु चार हजार कमिसन दिनुपरेको दावी गरे । उनले काँकडभिट्टाबाट छुट्ने लामो तथा छोटो दूरीको यातायात सेवा प्रदान गर्दै आएका भाडाका बस, माइक्रो तथा साना गाडीमा ‘ भाडा तिर्दा भारु नोट नदिनुहोला’ भन्ने सूचना टाँस्न सुरु भइसकेको जानकारी दिए । स्थानीय पेट्रोल पम्पमा पनि भारु नोटमा भुक्तानी नलिइने सूचना टाँसिएको छ । काँकडभिट्टा, भद्रपुर, गौरीगञ्ज, केचना, बाहुनडाँगीलगायतका सीमानाका र बजारमा विगतमा जस्तो भारुमा लेनदेन अब हुन छाडेको छ । नेपाली व्यवसायीले सेवा तथा वस्तुको भुक्तानी लिँदा र दिँदा भारु नोट लिन छाडेका छन् । भारतबाट लुकीछिपी ठूलो मात्रामा भारुका नोट नेपाल भित्रिएको र नेपाली बजार चर्को आर्थिक मन्दीको मारमा रहेको कारण बिक्री घट्दा बजारमा भारुको सटहीमा समस्या उत्पन्न भएको सटहीको अनुमति प्राप्त मनी एक्सचेन्जर व्यवसायी बताउँछन् । मेची मनी एक्सचेन्जर व्यवसायी संघका अध्यक्ष विष्णु मैनालीले बजारमा भारु नोट छ्याप्छ्याप्ती भएको जनाउँदै सटहीका लागि व्यवसायीसँग पर्याप्त नेपाली रुपैयाँ नभएको बताए । “भारु सटही हुन छाडेको भन्ने हल्ला मैले पनि सुनेको छु, तथापि सटही नै बन्द भएको वा भारु चल्नै छाडेको भन्ने कुरा सत्य होइन”, संघका अध्यक्ष मैनालीले भने, “बोर्डरमा जोसँग पनि भारु नोट हुन्छ । नेपालमा व्यवसाय मन्दीका कारण ठप्पजस्तै छ । यस्तो बेला भारु किन्न आउने कोही छैनन् । भारु बेच्ने धेरै भए, किन्ने नहुँदा समस्या देखिएको मात्र हो ।” उनले काँकडभिट्टामै ३२ वटा अनुमतिप्राप्त मनी एक्सचेञ्जर व्यवसायी भएको जनाउँदै नेपाल राष्ट्र बैंकले तोकेको सटही दरभन्दा तलमाथि गरेर कसैले पनि कारोबार गर्न नहुने बताए ।

आर्थिकमन्दीका कारण मनी एक्सचेन्जर व्यवसाय संकटबाट गुज्रिरहेको र कतिपय व्यवसायी पलायनको अवस्थामा पुगिसकेको अध्यक्ष मैनालीले बताए । भारु नोट सटहीमा कठिनाइ हुँदा भारतमा रोजगार गरेर फर्कने नेपाली सीमा क्षेत्रमा सकसमा परेका छन् । भारतको सिलिगुडी, सिक्किम, मेघालय, मुम्बई, कोलकाता, केरला र चेन्नईमा रोजगारी गर्ने नेपाली काँकडभिट्टा नाका भएर स्वदेश फर्किने गर्छन् । मेघालयबाट फर्केका दैलेख दुल्लुका किसनकुमार शाहीले एउटा होटलको सहयोगमा प्रतिहजार रु ४० का दरले ‘बट्टा’ दिएर मनी एक्सचेञ्जरबाट मुस्किलले भारु सटही गरेको बताए। भारतको आसाम, पश्चिम बङ्गाल, सिक्किम र विहारबाट झापाको आँखा अस्पतालमा ठूलो संख्यामा आउने भारतीयले उपचार खर्च भारुमै दिँदै आएका छन् । काँकडभिट्टा क्षेत्रमा क्यासिनो व्यवसायमार्फत पनि ठूलो मात्रामा भारु नोट नेपाल भित्रिने गरेको छ ।

# विद्यालयका लेखापाल शौचालयमा जलिरहेको अवस्थामा भेटिए

झापा(प्रस) । मोरङ सुन्दरहरैचास्थित श्री माध्यमिक विद्यालयका लेखापाल जलेको अवस्थामा फेला परेका छन् ।

उनी शनिबार बिहान विद्यालयको शौचालयभित्र जलिरहेको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ । कार्यालयका प्रवक्ता डीएसपी रन्जनकुमार दाहालले लेखापाल ४० वर्षीय मनिल ढकाल जलिरहेको अवस्थामा फेला परेको र घटनाबारे थप अनुसन्धान भइरहेको बताएका छन् ।

शौचालय भित्रबाट चिच्याएको आवाज सुनिएपछि स्थानीय घटनास्थलमा पुगेका थिए । ढकालले आफैंले आफ्नो शरीरमा आगो लगाएको हुनसक्ने प्रहरीको अनुमान छ । गम्भीर घाइते ढकालको विराटनगरस्थित कोशी अस्पतालमा उपचार भैरहेको प्रहरीले जनाएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

लोकतन्त्रको उपलब्धिको रक्षा गरौं
- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

यी लोकतन्त्रका विशेषता हुन, यिनको अवलम्बन गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## मेरो जिन्दगी

**अनिल कार्की**

सोध्यौ कस्तो छ भनी भने चल्दै छ जिन्दगी
भन्न भा छैन भित्रभित्रै जल्दै छ जिन्दगी
खै के भयो आजभोलि थाहा छैन आफैलाई
हरेक पाइला पाइलामा, ढल्दै छ मेरो जिन्दगी
ओइली झर्ने फूलजस्तै छ जिन्दगी
दिन बिदा काललेे डस्दै छ जिन्दगी

बाँचुञ्जेल दुःख सुख साथ नै छ जिन्दगी
झर्दा आँसु सँगै खस्दै छ जिन्दगी
भट्टी पस्दा दिन बितेको पत्तो छैन
पिउनेको लागि मस्तै छ जिन्दगी
पैसामा नै बेचिएका छौं हामी त
किन्नेलाई हाम्रो सस्तै छ जिन्दगी
दिन बित्दै छ समय चल्दै छ
यस्तै छ मेरो जिन्दगी

## भेटी

**• विष्णु ढकाल**

पहिले पहिले
राजाका हजुरमा
थैली चड्द्थे
राजा हजुरले
थैली बक्स हुन्थ्यो

हिजोआज
मुलुकी गाउँगाउँमा
सुकिलाहरूले
झुण्डझुण्डमा
भेटी ओसार्छन् बोरा बोरामा

भन्थे
यिनै सुकिलाहरूले
नागरिकहरू मालिक भएका छन्‘

हो
रैतीहरू
समृद्ध भए छन्
गाउँगाउँबाट उठेर
भेटी बुझाउन थाले छन्
बोराबोरामा
मालिकहरूलाई

मालिकहरूलाई
जेथा बेचेरै
समृद्धिको यात्रामा
मुग्लानतिर, निरन्तर
लागेका छन्, दशकौंदेखि

उनीहरू हतारोमा छन्
यो देशलाई
समृद्ध बनाउनु छ
नागरिकको लिलामीपछि
मालिकहरूलाई
मुलुकी माटोको
शिघ्र
बोल कबोल खोल्नु छ ।

*कन्याम, इलाम*

## गजल

**• दीपक खड्का**

सायद त्रस्त छु म , र सशस्त्र छु म
तर तिम्रो
सामु , जे
छु , प्रष्ट छु म
पराजयको डर थ्यो ' , अब मुक्त छु
अब मेरो अश्त्र हो - निःशस्त्र छु म
आउँदैन यो क्षण , चिनीहाल मलाई यो क्षण नग्न ,
निर्लज्ज , निर्वस्त्र छु म
दीपक बाल्दा जलेको दाग नहुँदो हो 'नेपे ' भन्दो हो
- अर्कै ज्वरले ग्रस्त छु म

# म रित्तो छैन बा!

**• नील थापा**

बाआमासहित मेरो परिवारै युरोप यात्राका क्रममा फ्रान्स पुगेका थियौं। फ्रान्स घुम्दै एउटा पसलमा केरा किनेर खायौं। बाटोमा हिँड्दै गर्दा मलाई आमाले मेरो जन्मदिनको बारेमा भन्नुभयो। घरनजिकै बारीको कान्लानिर केराको बोटछेउ जन्मिएको थिएँ रे म। त्यसैले होला, मलाई आज पनि केरा असाध्यै मनपर्छ। आमा घाँस काट्न जाँदा बेथा लागेछ। केराको थाममा अडेस लाग्नुभएछ। म त्यहीँ जन्मिएँ। आमाले छिमेकी ठूलीआमालाई बोलाउनु भएछ। लगाएको फरिया आधा च्यातेर मलाई पुछपाछ गरी डोकाको घाँसमाथि आधा फरियाले बेरेर घर ल्याउनुभएछ। जन्मिँदा मेरो घुँडानिर समस्या रहेछ। कसैले याद गरेनछन्। म सधैं रून्चे भएपछि मात्र याद गरेछन्। यसलाई खुट्टा छोयो कि रून्छ भनेर छिमेकी आमाले भनेपछि मात्र सबैको ध्यान गएछ। परिवारको कान्छो छोरा म। अरू सबै सन्तान सकुशल। म मात्र त्यस्तो हुँदा आमालाई धेरै चिन्ता भएछ। एकदिन आमाले मलाई तेल घसेर घाममा सुताउन लाग्नुभएको थियो। गाउँका अरू केटाकेटी खेलेको देखेर उहाँ निकै रूनुभएछ।

अरूका केटाकेटी यसरी उफ्रिन्छन्। मेरो छोरा सक्दैन कि क्या हो ! बा बैंकमा अस्थायी जागिरे हुनुहुन्थ्यो। म जन्मिएपछि स्थायी भयो। बालाई लागेछ, म भाग्यमानी छु। एकदिन आमाले बालाई भन्नुभयो- गाउँका सबै केटाकेटी उफ्रिँदै हिँड्लान्, मेरो छोरा त घाममा बिस्कुन मात्र कुरेर बस्ने भो! आमाको कुराले बालाई त्यो रात निद्रा परेन। बाको चुरोट पिउने लत थियो। सायद चिन्ताले होला त्यो दिन धेरै पिउनुभयो। आमा रोएको देखेर बाले जवाफ दिनुभयो- तेरो मात्र छोरा हैन यो, मेरो पनि हो। जहाँ लगेर भए पनि उपचार गराउँछु। उसको खुट्टा ठिक पार्छु। चिन्ता नगर। नरो। गाउँमा गतिलो अस्पताल थिएन। त्यस बेला मेरो गृहजिल्ला सिन्धुलीबाट उपचारका लागि जनकपुर जाने चलन थियो। आमाबाले दुई दाजु र दिदीलाई हेर्न अनि घरको काम र गाईवस्तु स्याहारसुसार गर्न मान्छे राखेर मलाई उपचार गर्न लानुभयो। आधा बाटोसम्म मलाई हाम्रो घरमा काम गर्ने एक जना दाइले बोकेर लानुभयो। आधा बाटोपछि गाडी चल्थ्यो।

मलाई बोकेर लाने ती दाइ मेरा बाभन्दा चार पाँच वर्ष मात्र कान्छा हुनुहुन्छ। अहिले विदेशबाट नेपाल गएका बेला म उहाँलाई भेटिरहन्छु। उहाँका दुई छोरी र एक छोरा थिए। मभन्दा साना। उहाँ हाम्रो खेत जोत्न आउनुहुन्थ्यो। सानामा मलाई उहाँ 'मेरो छोरा ीसँग बिहे गर्छौं सानो काजी' भन्दै जिस्क्याउनु हुन्थ्यो। रिस उठेका बेला बाको नाम लिँदै कुट्नुहुन्थ्यो। उहाँ धेरै समय हामीसँगै बस्नुभयो। अझै पनि सानो काजी नै भन्नुहुन्छ मलाई। म ठूले दाइ नै भन्छु। जनकपुर अस्पताल पुगेर मेरो उपचार सुरू भयो। घुँडामा पानी जमेको जस्तो थियो रे। सामान्य उपचारपछि पानी निकालेपछि एक हप्तामा म ठिक हुँदै गएँ। मेरो रूवाइ बन्द हुँदै गयो। समय बित्दै जाँदा म स्कुल जान थालेँ। पाँच वर्षमा स्कुल सुरू गरेँ। एक कक्षा पढ्नुपर्ने भए पनि सरले दुईमा राखिदिनुभयो।

यसको कारण स्कुलले सित्तैमा दिने किताब मेरो पालोसम्म सकिएछ। कखरा र अंक आउने सबै भएपछि सरले दुईमै पढ्न सक्छस् भन्दै राखिदिनुभयो। मेरा गाउँले साथी कक्षामा छुटे। पढ्दै जाँदा म अलि राम्रै पढ्ने भएँ। चारमा म दोस्रो भएँ। स्कुले अवधिभरि दोस्रो, तेस्रो नै भइरहेँ। पाँच कक्षा पढ्दा एक केटी साथी भेटिइन् मीरा। मेरो नाम अमिर थियो। सबैले यही नामले बोलाउँथे। पछि एसएलसी दिनेबेला बुवाले नील राखिदिनुभएछ। नील मेरो न्वारानको नाम। फर्म भर्ने म बिरामी भएकाले बुबा जानुभएको थियो। हेडसर गाउँकै काका पर्ने थिए। दुई जनाले सल्लाह गरेर नील राखिदिनुभएछ। मलाई साह्रै नरमाइलो लाग्यो। अमिर त हिरोको नाम थियो, मनपर्थ्यो। मीरा असाध्यै पढ्ने खालकी थिइन्। म दोस्रो, तेस्रो हुँदा ऊ प्रथम हुन्थिन्। सात-आठ पढ्दा सबैले मीरा र मेरो नाम जोडेर जिस्क्याउन थाले। कतिले अ छोडी मिरे भन्थे। कोही मीरा प्लस अमिर लेखिदिन्थे। हामी रिसाउँथ्यौं। साथीहरू गलल हाँस्थे।

कक्षाको कालोपाटीमा, भिता, डेस्क, बेन्चमा समेत लेखिदिन्थे। त्यतिखेर केटाकेटी एउटै ठाउँमा बस्नु त के बोल्नु नै अपराधझैं थियो। हामी नबोल्दा पनि जिस्क्याउँथे। हामीलाई साह्रै लाज हुन्थ्यो। अरूले जिस्क्याउँदा मीरा रून्थिन्। कतिपटक उनी रोएको मैले देखेँ। ठूलै भएका विधार्थी समेत हामीलाई जिस्क्याउँथे। कसैले बुझेनन् हाम्रो बाल मष्तिष्कमा कस्तो असर पर्छ भनेर। यस्तै कुराले होला, मीरा र मेरो खासै बोलचाल भएन। नौ कक्षा पुगेपछि त उनले स्कुल छाडिन्। शिक्षा विभागका जागिरे बाबुसँगै अर्कै ठाउँ गइन्। त्यसपछि उनीसँग भेट भएन। धेरै समयपछि प्रविधिले हामीलाई फेरि जोडायो। फेसबुकमा कताकता स्कुले साथीभाइ हुँदै उनीसँग पनि साथी भएँ। तर अझैसम्म हाम्रो कुरा भएको छैन। मेरो ९/१० कक्षासम्म पढाइ राम्रै भए पनि एसएलसीमा भनेजस्तो भएन। एक सय पाँच जनाले परीक्षा दिँदा जम्मा पाँच जना पास भयौं। म दोस्रो श्रेणीमा। पाँच जनामा पनि म दोस्रो नै भएँ।

स्कुल सकिएपछि म उच्च अध्ययनका लागि काठमाडौं पसे। गाउँको मान्छेलाई सहर गजब लाग्यो। त्यसमा पनि झनै गजब लाग्यो मःमका डल्ला। मःमबाट सुरू भयो मेरो सहरिया विद्यार्थी जीवन। म आफन्तको घरमा बसेँ। डाक्टर बन्ने सपना थिएन। घरपरिवारलाई भने बनोस् भन्ने थियो। त्रिचन्द्र कलेजमा विज्ञान संकायमा भर्ना भएर पढ्न थालेँ। पढ्न जाँदा थाहा भयो, डाक्टर हुन साह्रै गाह्रो रहेछ। किताबले थिच्यो। त्योभन्दा ठूलो भारी भयो अंग्रेजी। आज पनि अंग्रेजीको भारी गह्रुँगो नै लाग्छ। अंग्रेजीले थिचेपछि डाक्टर छाडेर म सिए बन्न मिनभवनको कमर्स कलेज भर्ना भएँ। गाउँघरमा कमर्स पढे सिए भइन्छ भन्थे। पढ्दै जाँदा त हिसाब नै क्याल्कुलेटरमा अटाउँदैन जस्तो लाग्न थाल्यो। कमर्स नि असाध्यै मुश्किल भयो। गाउँको पढाइले सहरमा सक्दैन कि जस्तो लाग्यो। जेनतेन अल्झिँदै स्नातकसम्म पढेँ। यसपछि भने अब पढाइ सकियो जस्तो लाग्यो। जागिर खान थालेँ। जागिर खान थालेपछि अर्को कुरा गज्जब लाग्यो काठमाडौंमा, मोटरसाइकल। मोटरसाइकल भए त जिन्दगी यही हो जस्तो भयो। तीन-चार महिना जागिर खाएपछि ऋण गर्दै किस्तामा मोटरसाइकल किनेँ। किनेको दिन खुसीले काठमाडौं रिङरोड म सातपटक घुमेँ होला। भोलिपल्ट पछाडि ढाडदेखि तल पैतालासम्म दुखेको थियो।

चस्मा ढल्काएर मोटरसाइकल कुदाउँदा राजकुमारभन्दा कम आँकिनँ आफूलाई। अझ ठूलो शान त कम्मरमा भिरेको पेजर थियो। अफिसले पेजर दिएको थियो। थाहा नहुनेले सोध्थे, भाइ यो कम्मरमा के भिऱ्या हो? म शानले भन्थेँ, पेजर। पछि मोबाइल आयो। अफिसले सिम दियो। मोबाइल चाहिँ आफैं किनेँ। मोबाइल फोन आएपछि त झन् कुरै बेग्लै। एकपटक त फूर्ति देखाउन त्यत्तिकै कुरा गरेको जसरी एक्लै ठूलो स्वरले बोल्दै बाटोमा हिँडेँ। बाटोमा हिँडेका मान्छे मलाई फर्केर हेर्थे। एकदिन त्यसैगरी नाटक गर्दा मोबाइलमा घन्टी बज्यो। छेउका मान्छे मलाई देखेर हाँसेँ। त्यो दिनदेखि त्यस्तो खालको फूर्ति देखाउने काम बन्द गरेँ। बागबजार पद्मकन्या क्याम्पसको गेट मेरो मोटरसाइकल पार्किङ क्षेत्र जस्तै थियो। नक्कली हो कि सक्कली थाहा थिएन, रेबन चस्मा र डक्टर मार्टिन जुत्ता। हातमा आधा तोलाको सुनको औंठी। एक तोला जति सुन जोडेर हात्तीको पुच्छरको बाला। १३ सयमा किनेको एउटा चेनवाला घडी। हातमा नोकियाको मोटो मोबाइल। अनि अर्को हात चुरोट। कलेजअगाडि उभिँदा मेरा ब्रान्डजस्ता भए ती चिज। अहिले सम्झिँदा लाजै लाग्छ। एकदिन मोटरसाइकल हुइँक्याउदै थिए। गाउँकै एक जना आफन्त बा ज्ञानेश्वरमा भेटिनुभयो। बालाई ढोगेँ। उपचार गर्न आउनुभएको रहेछ। हाम्रै गाउँका ठूलाबा डाक्टर हुनुहुन्थ्यो, उहाँको क्लिनिक ज्ञानेश्वरमा थियो। त्यहीँ आउनुभएको रहेछ।

बाले मेरो मोटरसाइकल देखेर लामो जिब्रो निकाल्नुभयो। यस्तरी, मानौं मै उहाँको डाक्टर हुँ जसले जिब्रोबाहिर निकाल्नुस् त बा भनिरहेको छ। बाले सोध्नुभयो, कति हात्ती खायो यसले? मैले हाँस्दै भनेँ, एक सय आठ (एक लाख आठ हजार रूपैयाँ)। बाले श्लोक भनेर व्यंग्य हान्दै थप्नुभयो- सुन किन्या भए दस तोला आउँथ्यो। म हाँसेर भनेँ, बा रहर लागिहाल्यो! सुन लाउन हुन्छ। दौडाउन हुँदैन। यो बेस्सरी दौडिन्छ! बाले मुख बटार्नुभयो। मनमनै गाली गर्नुभयो होला कि! उहाँले पढाइबारे पनि सोध्नुभयो। धान दिनुपऱ्यो भनेर मैले मास्टर्स सर्कै भनेँ। गाउँतिर मास्टर्स गऱ्या भनेको बुझ्थे। स्नातकोत्तर शब्द त मैले नै धेरैपछि शब्दकोषमा हेरेर थाहा पाएको। पढाइको कुराले भने बा खुसी हुनुभयो। भन्नुभयो- पढाइ धेरै पो सकिछस्। लु राम्रो गरेस्। म तेरो बाऊलाई केटी खोज भन्छु अब। बिहे गर्नुपर्छ। हामीलाई भोज खुवाउनु। पछि बाँचिन्छ कि मरिन्छ। के भर? यति भन्दै बा आफ्नो बाटो लाग्नुभयो।

मःमका डल्ला, जागिर, मोटरसाइकलपछि काठमाडौंमा गज्जब लाग्ने धेरै कुरा भेटिँदै गए। सिनेमा हल, क्याबिन रेस्टुरेन्ट, डान्सबार, दोहोरी, अनि बेलाबेला क्यासिनो। काठमाडौंका गज्जबका कुरालाई मैले पनि समयसँगै गज्जबले भोग गरेँ। समय क्रममा डुल्दै जाँदा अर्को कुरा गज्जब लाग्यो, सिनेमाको सुटिङ। 'पोखराको बजार हैन, ठमेलमा घुमौंला, ऐना मात्र हैन नि मैचाङ, गालैमा चुमौंला' भन्दै राजेश हमाल र पूजा चन्द नाच्दै थिए बानेश्वर चोकैमा। म हेर्न भनेर भिडमा यताउता गर्दै छिरेँ। सुटिङको अर्को टेक लिने बेला राजेश हमाल प्लास्टिकको कुर्सीमा बसे। एउटा केटोले फुत्त छाता खोलेर ओढायो। आम्मा हो, सिनेमामा देखेको हिरो आँखाअगाडि देख्दा त मलाई भित्रैबाट काउकुति लाग्यो। बेस्सरी भुँडी फुलेर आयो। सहनै सकिनँ। परैबाट हात हल्लाउँदै कराएँ- राजेश हमाल! मलाई लाग्या थियो छाता ओढेर बसेका उनले बोली सुने पनि कालो चस्मा लगाएकाले नदेखेझैं गर्छन्।

तर नसोचेको भयो। उनले हातै हल्लाएर बोलाए। मेरो फुलेको भुँडी स्वात्त सुक्यो। म हावाझैं झम्टिएर उनी छेउ पुगेँ। उनले हात पो मिलाए। मेरो हात त भारी भयो। लाग्यो उनको हात फलामकै हो। हात मिलाउँदै उनले सोधिहाले, भाइको नाम? छिटो जवाफ दिएँ, अमिर। उनले फेरि सोधे, थर नि? थापा। फेरि सोधे, मेरो फिल्म हेऱ्या छ?
रिस पो उठ्यो, गलत प्रश्न सोधेर। मन शान्त पारेर भनेँ, हेऱ्या छु। धेरै हेरेको छु।
उनले फेरि सोधे, कुन कुन?
युगदेखि युगसम्म, कसम, भाउजू, देउता, देउकी, अधिकार, अपराध, ज्वाला....भन्दै गएँ।
उनले भो भो भन्दै रोके, ओहो नेपाली फिल्म हेर्नु हुँदोरहेछ त!
उनले एक्कासि तपाईं पो भने। म जिल्ल परेँ। उनले फेरि सोधे, कुन चाहिँ राम्रो लाग्यो?
मैले उत्तर दिएँ, सबै।
'हो र' भन्दै उनी हाँसे।
फेरि मैले देउता र अधिकार भनिदिएँ।
उनले सोधिहाले, किन नि?
'अधिकारमा तपाईंलाई भैंसीले लखेट्छ अनि हिलोमा डुब्नुहुन्छ। त्यो हिलो पखाल्न तपाईंलाई कृष्टिले डोऱ्याएर पोखरीमा पुऱ्याउँछिन्। हिलो पखालेर तपाईंले टिसर्ट खोल्दा कृष्टिले जसरी जिब्रो टोकिन्, मैले नि त्यसैगरी टोकेको थिएँ। तपाईंको बडी खत्रा छ,' मैले भनिदिएँ।
उनी हाहाहा गर्दै हाँसे। छेउछाउका मान्छे पनि हाँसे।

उनले फेरि सोधे, देउता चाहिँ?
'रूवाउने छ, मायालाग्दो छ तपाईंको रोल। फाइट राम्रो छ। गाग्रीवाला फाइट खत्रा छ। अनि शंकरवाला डायलग झन खत्रा छ। एकपटक त तपाईंलाई साँच्चिकै देउताजस्तै देखिन्छ। त्यो बोजुको घरभित्र। अन्तिम फाइटमा शंकर जस्तै देखिन्छ।'
उनी बेस्सरी हाँसे।
उनले सोधिहाले, कति पढ्नु भएको छ?
मैले जवाफ दिए, ब्याचलर सकियो कमर्समा, अब मास्टर्स गर्छु।
उनले उमेर सोधे।
मैले भनेँ, २१ वर्ष।
उनले भनिहाले, ल मेरो जस्तै चौबीस वर्षमा मास्टर्स सकिन्छ तपाईंको पनि। मैले नि चौबीस वर्षमा अंग्रेजी साहित्यमा मास्टर्स गरेको थिएँ
अंग्रेजी भन्नेबितिकै मलाई त पिसाब नै आउलाझैं भयो। उनले अंग्रेजीमा केही सोधी हाले भने त मेरो बिजोगै हुन्छ। म डराएँ। त्यहाँबाट कतिखेर कुलेलाम ठोकूँजस्तो भयो। अटोग्राफ दिनुस् न भनेर मागेँ।
उनले केमा दिऊँ भने।
मैले पर्स निकालेँ। पर्स च्यातिएर अलि अगाडि राजेश हमालले जस्तै मुख बाएको थियो। एकतिर छेउको भाग हेरी नसक्नु गरी च्यातिएको थियो। च्यातिएको भाग छोप्दै भित्रपट्टि आँखा घुमाए। पचास, बीस र दस गरी तीनवटा नोट थिए।
दसको नोट निकालेँ।

ठूलो नोट निकाले त भरे मःम हेर्नु मात्रै पर्ने हुन्छ। निल्न पाइँदैन। अटोग्राफ लिएपछि त त्यो नोट मास्न मिल्दैन। साँचेर राख्नुपऱ्यो। लाज मान्दै उनलाई दसको नोट दिएँ। उनले छेउबाट एक व्यक्तिसँग कलम लिए र 'विथ लभ राजेश हमाल' र फोन नम्बर राखेर हस्ताक्षर गरे।
'ल थ्यांक यु भाइ, रमाइलो भो, नेपाली सिनेमा हेर्नुस्, पढ्न चाहिँ नछाड्नुस है' भन्दै फेरि कऱ्याप्पै हात मिलाए। मेरो बाँसुरीजस्तो हात भए पनि योपटक अलि दरोसँग मिलाएँ। उनले सोचे होलान्, मेरो हात के हो र, यसको हात पो फलामको जस्तो।
म भिडबाट हिँडे। भिडभाडमा कसैले छोयो वा कसैले निहुँ खोज्यो भने यही फलामको हातले ठाउँका ठाउँ ढाल्छु। राजेश हमालसँग मिलाएको हात पो हो त!

राजेश हमालसँग भेटेपछि मलाई याद आयो, स्कुलमा म अलिअलि नाचगान र नाटक गर्थेँ। एक्कासि हिरो बनेको सपना देखेँ। दसैंतिहारमा गाउँमा नाटक देखाउँथ्यौं। नाच्थ्यौं। तर द्वन्द्वकाल सुरू भएकाले गाउँतिर नाटक देखाउन नपाइने भयो। देउसी रोकियो। सिनेमा हल चल्न छाडे। बन्द हुँदै गए। तर हिरो हुने सपना फेरिएन।
बालाई सिनेमा सम्बन्धी पढेर हिरो हुन्छु भनेँ। बाले खुरू खुरू पढेर राम्रो जागिर नखाएर केको हिरो हुने भन्नुभयो। गाउँघरमा बाहुन-क्षेत्रीहरूले नाचगान गरेको राम्रो मान्दैन थिए। समाज र समय त हो।
मैले हिरो बन्ने सपना छाडेँ।
पढाइसँगै जागिर थियो नै। पैसा हुँदै गएपछि साथीभाइ बढे, खराब बानी पनि। खराब बानीले पढाइ बिगाऱ्यो। जेनतेन स्नातकोत्तर सकेँ।

दुई वर्ष भएको थियो जागिर खाएको। एकदिन मैले कलेजमा सँगै पढेकी केटी साथीलाई बिहेको प्रस्ताव गरेँ। उनले स्वीकार गरिन्। घरपरिवार सल्लाह भयो। साथीभाइको नजरमा हाम्रो प्रेम विवाह भयो, परिवारको नजरमा मागी। हाम्रो सम्बन्ध हुनुमा हाम्रा साथीहरूको पनि ठूलो हात छ।
बिहेपछि जिम्मेवारी बढ्यो। श्रीमती जागिर खान्थिन्। मैले सानोतिनो व्यापार गरेँ। सोचेजस्तो भएन। दुवैले स्नातकोत्तर गरेकाले विदेश जाने सोच आयो। घरपरिवारमा सल्लाह मिल्यो अनि हामी विदेसियौं।
विदेश पुगे पनि म साथीभाइ, समाज भनेर दौडिरहेँ। फुर्सदमा केही गरौंझैं लाग्थ्यो। कहिले सिनेमा देखाइन्थ्यो त कहिले कन्सर्ट। 'लूट' फिल्म हेरेपछि फेरि सिनेमा खेल्ने रहर लागेको थियो।
अहिले म डेनमार्कको कोपनेहगनमा म बस्छु। यहाँ साथीभाइ र सम्बन्ध बढ्दै गए। दस वर्षअगाडि मैले बाआमालाई युरोप घुम्न बोलाएँ।
फ्रान्सको आइफल टावर घुम्दा आमाले बालाई भन्नुभयो- बिस्कुन मात्र कुरेर बस्छ कि भन्या छोरो, आज संसार घुम्ने भो! आज यसले गर्दा सात समुद्रपारि आइयो!
बालाई पनि गर्व भयो होला। ढाका टोपी मिलाएजस्तो गर्नुभयो।
आमालाई मैले भनेँ, 'आमा म तपाईंहरूलाई तीर्थधर्म लान नसकूँला। मठमन्दिर घुमाउन नसकूँला। तर आएका बेला तपाईंलाई यही आइफल टावर वरिपरि बोकेर घुमाउँछु। यही मेरो धर्म भयो।'
मेरो कुराले आमा भावुक हुनुभयो। आखाँभरि आँसु पार्नुभयो।
बाले 'हावाले आँखा चिसो भयो' भन्दै आँखा पुछ्नुभयो। मैले पनि चस्मा लगाएँ। छेउमा भएकी मेरी श्रीमती पनि केही बोलिनन्।

स्कुल पढुन्जेल बासँग औधि डर लाग्थ्यो। अलि हुर्केपछि सहर छिरियो। पछि विदेश। बाआमासँग समय बिताउनै पाएको रहेनछु। तीन महिना युरोपमा बाआमासँग बस्दा थाहा भयो, जीवनमा धेरै कुरा गुमाएको रहेछु।
२०७२ सालमा भुइँचालो जाँदा म नेपालमै थिएँ। सिनेमा बनाउँछु भनेर नेपाल पुगेको एक हप्तापछि भुइचालो आयो। भुइँचालोले सिनेमा हल मात्र भत्काएन, मेरो मन पनि भत्कायो। सिनेमा बनाउने सपना रोकियो।
तीन-चार वर्षपछि फेरि बजार तात्यो। म पनि तातेँ। तर काम गर्न सकिएन। बा बिरामी पर्नुभयो। म बालाई भेटेर दसैं मानेर फर्किएँ। बालाई क्यान्सर भयो। थप उपचारका लागि दाइले भारत लानुभयो। बा निको हुनुभयो। म फेरि बालाई भेट्न आएँ।
दुई वर्षपछि बा फेरि बिरामी हुनुभयो। बाको क्यान्सर कलेजोमा सरेर ड्यामेज भएछ।

❖ बाँकी तेस्रो पृष्ठमा

Table-2: Population by caste/ethnic-groups and sex, NPHC 2021*

| Caste/ethnicity | Total | Total % |
|---|---|---|
| Total | 29164578 | 100 |
| Kshetri | 4796995 | 16.45 |
| Brahman- Hill | 3292373 | 11.29 |
| Magar | 2013498 | 6.9 |
| Tharu | 1807124 | 6.2 |
| Tamang | 1639866 | 5.62 |
| Bishwokarma | 1470010 | 5.04 |
| Musalman | 1418677 | 4.86 |
| Newa: (Newar) | 1341363 | 4.6 |
| Yadav | 1228581 | 4.21 |
| Rai | 640674 | 2.2 |
| Pariyar | 565932 | 1.94 |
| Gurung | 543790 | 1.86 |
| Thakuri | 494470 | 1.7 |
| Mijar | 452229 | 1.55 |
| Teli | 431347 | 1.48 |
| Yakthung/Limbu | 414704 | 1.42 |
| Chamar/Harijan/Ram | 393255 | 1.35 |
| Koiri/Kushwaha | 355707 | 1.22 |
| Kurmi | 277786 | 0.95 |
| Musahar | 264974 | 0.91 |
| Dhanuk | 252105 | 0.86 |
| Dusadh/Pasawan/Pasi | 250977 | 0.86 |
| Brahman- Tarai | 217774 | 0.75 |
| Mallaha | 207006 | 0.71 |
| Sanyasi/Dasnami | 198849 | 0.68 |
| Kewat | 184298 | 0.63 |
| Kanu | 152868 | 0.52 |
| Hajam/Thakur | 136487 | 0.47 |
| Kalwar | 134914 | 0.46 |
| Rajbansi | 132564 | 0.45 |
| Sherpa | 130637 | 0.45 |
| Kumal | 129702 | 0.44 |
| Tatma/Tatwa | 126018 | 0.43 |
| Khatwe | 124062 | 0.43 |
| Gharti/Bhujel | 120245 | 0.41 |
| Majhi | 111352 | 0.38 |
| Nuniya | 108723 | 0.37 |
| Sundi | 107380 | 0.37 |
| Dhobi | 101089 | 0.35 |
| Lohar | 100680 | 0.35 |
| Bin | 96974 | 0.33 |
| Kumhar | 95724 | 0.33 |
| Sonar | 93380 | 0.32 |
| Chepang/Praja | 84364 | 0.29 |
| Ranatharu | 83308 | 0.29 |
| Danuwar | 82784 | 0.28 |
| Sunuwar | 78910 | 0.27 |
| Haluwai | 71796 | 0.25 |
| Baraee | 68011 | 0.23 |
| Bantar/Sardar | 61687 | 0.21 |
| Kahar | 59882 | 0.21 |
| Santhal | 57310 | 0.2 |
| Baniyan | 53655 | 0.18 |
| Kathabaniyan | 52466 | 0.18 |
| Badhaee/Badhee | 52437 | 0.18 |
| Oraon/Kudukh | 46840 | 0.16 |
| Rajput | 46577 | 0.16 |
| Amat | 46471 | 0.16 |
| Gangai | 41446 | 0.14 |
| Lodh | 39872 | 0.14 |
| Gaderi/Bhediyar | 35497 | 0.12 |
| Ghale | 35434 | 0.12 |
| Marwadi | 33803 | 0.12 |
| Kayastha | 33502 | 0.11 |
| Kulung | 33388 | 0.11 |
| Thami | 32743 | 0.11 |
| Bhumihar | 32199 | 0.11 |
| Rajbhar | 29240 | 0.1 |
| Rauniyar | 27258 | 0.09 |
| Dhimal | 25643 | 0.09 |
| Khawas | 22551 | 0.08 |
| Tajpuriya | 20989 | 0.07 |
| Kori | 20670 | 0.07 |
| Dom | 19901 | 0.07 |
| Mali | 19605 | 0.07 |
| Darai | 18695 | 0.06 |
| Yakkha | 17460 | 0.06 |
| Bhote | 15818 | 0.05 |
| Bantawa | 15719 | 0.05 |
| Rajdhob | 15391 | 0.05 |
| Dhunia | 15033 | 0.05 |
| Pahari | 15015 | 0.05 |
| Bangali | 13800 | 0.05 |
| Gondh/Gond | 12267 | 0.04 |
| Chamling | 12178 | 0.04 |
| Chhantyal/Chhantel | 11963 | 0.04 |
| Thakali | 11741 | 0.04 |
| Badi | 11470 | 0.04 |
| Bote | 11258 | 0.04 |
| Pun | 9827 | 0.03 |
| Hyolmo/Yholmopa | 9819 | 0.03 |
| Khatik | 9152 | 0.03 |
| Yamphu | 9111 | 0.03 |
| Kewarat | 8809 | 0.03 |
| Baram / Baramu | 7859 | 0.03 |
| Dev | 7418 | 0.03 |
| Nachhiring | 7300 | 0.03 |
| Gaine | 6971 | 0.02 |
| Bahing | 6547 | 0.02 |
| Thulung | 6239 | 0.02 |
| Jirel | 6031 | 0.02 |
| Khaling | 5889 | 0.02 |
| Aathpahariya | 5878 | 0.02 |
| Dolpo | 5818 | 0.02 |
| Sarbaria | 5793 | 0.02 |
| Mewahang | 5727 | 0.02 |
| Byasi/Sauka | 5718 | 0.02 |
| Dura | 5581 | 0.02 |
| Meche | 5193 | 0.02 |
| Raji | 5125 | 0.02 |
| Sampang | 4841 | 0.02 |
| Chai/Khulaut | 4805 | 0.02 |
| Chumba/Nubri | 4414 | 0.02 |
| Dhankar/ Dharikar | 4090 | 0.01 |
| Munda | 3589 | 0.01 |
| Lepcha | 3578 | 0.01 |
| Patthar katta/ Kushwadiya | 3343 | 0.01 |
| Hayu | 3069 | 0.01 |
| Beldar | 3037 | 0.01 |
| Halkhor | 2929 | 0.01 |
| Natuwa | 2896 | 0.01 |
| Loharung | 2598 | 0.01 |
| Kamar | 2532 | 0.01 |
| Dhandi | 2339 | 0.01 |
| Done | 2125 | 0.01 |
| Mugal/Mugum | 2124 | 0.01 |
| Punjabi/Sikh | 1846 | 0.01 |
| Karmarong | 1663 | 0.01 |
| Chidimar | 1615 | 0.01 |
| Kisan | 1479 | 0.01 |
| Lhopa | 1390 | 0 |
| Kalar | 931 | 0 |
| Fri | 921 | 0 |
| Koche | 847 | 0 |
| Topkegola | 642 | 0 |
| Raute | 566 | 0 |
| Walung | 481 | 0 |
| Lhomi | 355 | 0 |
| Surel | 318 | 0 |
| Kusunda | 253 | 0 |
| Bankariya | 180 | 0 |
| Nurang | 36 | 0 |
| Others | 5888 | 0.02 |
| Foreigner | 137407 | 0.47 |
| Not stated | 4436 | 0.02 |

* Note: Note: The caste/ethnicity published in the 2011 census and reported again in the 2021 census remains unchanged. Newly reported caste/ethnicity information has undergone a thorough review process involving stakeholders and subject experts. The published data is derived from respondents' responses and conclusive findings obtained from expert reviews.

# जंगली च्याउ खाएर आमाछोराको मृत्यु

झापा(प्रस) । धनकुटामा जङ्गली च्याउ खाएर एक महिला र उनकी सात वर्षीय नाबालक छोराको उपचारका क्रममा मृत्यु भएको छ ।

सहिदभूमि गाउँपालिका-३ घर भई हाल धनकुटा नगरपालिका-७ मा डेरा गरी बस्ने २८ वर्षीया मुना राई र जङ्गली च्याउ ल्याएर खाएका थिए । च्याउ खाएपछि बिरामी परेका उनीहरू जिल्ला अस्पताल धनकुटामा उपचारका लागि भर्ना भएका थिए ।

जिल्लामा उपचार हुन नसकेपछि १८ गते उनीहरूलाई थप उपचारका लागि बिपी

उनका छोरा सचिन राईको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा मृत्यु भएको हो । जिल्ला अस्पताल धनकुटामा उपचार हुन नसकी धरान रेफर गरिएका उनीहरूको उपचारका क्रममा बिहान ९:१५ बजे आमाको मृत्यु भएको प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक नरेन्द्र कुँवरले जानकारी दिए । सिकिस्त रहेका उनका छोराको पनि आइसियु कक्षमा उपचारका क्रममा बेलुका मृत्यु भएको छिमेकी भोगेन्द्र राईले जानकारी दिए । प्रहरी सञ्चार शाखाका अनुसार मृतकले यही जेठ १५ गते धनकुटा-७ मा रहेको चुलिवन जङ्गलबाट कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा रेफर गरिएको थियो । उपचारमा संलग्न जिल्ला अस्पतालका डा.डुराण्ड सिंह खड्काका अनुसार पखाला लाग्ने र बान्ता हुने समस्या लिएर बुबाआमा र छोरा अस्पताल आएका थिए । उपचारपछि बुबा ठीक भएर आमा छोराको स्याहारमा रहेका थिए भने आमा छोराको स्वास्थ्यमा सुधार भइरहेको थियो । अचानक मृतक आमाको रक्तचाप कम भइ बेहोसीको अवस्था छाएको र छोराको मिर्गौलामा समस्या देखापरेको थियो । त्यसपछि भने थप उपचारका लागि धरान रेफर गरिएको डा.खड्काले जानकारी दिए ।

## म रित्तो...

ठूलो दाजुले मलाई बोलाउनुभयो। म सपरिवार डेनमार्कबाट नेपाल आउने तयारीमा लागेँ।

कोरोनाकाल थियो। टिकट मिलाउँदा र कोरोना परीक्षण गर्दा दुई दिन लाग्यो। त्यो बीचमा बासँग धेरै कुरा भयो।

बाले 'ठिक छ, अहिले आउनुपर्दैन, मलाई ठिक छ' भन्नुभयो।

यताबाट हिँड्ने अघिल्लो दिन। बासँग बोलेँ। म आउँदैछु भनेँ।

बाले भन्नुभयो, 'मलाई के भा छ र आत्तिएर आउन? तँलाई दुःख दिएछन् यताकाले। बुहारीलाई कोरोना लाग्या भन्थिस्। किन आउनु? नातिनीको पढाइ छुट्ला।'

त्यति बेला मेरो श्रीमतीलाई कोरोना भएको थियो। चौध-पन्ध्र दिन जति भएको थियो होला। रिपोर्ट नेगेटिभ आयो।

बाले त्यो दिन भन्नुभएको थियो, 'आजको भोलि त मर्दिनँ म। किन आत्तिएर आउनु! त्यति लामो बाटो। तँलाई दुःख दिएछन्। लु आउने नै भए राम्रोसँग आइज।'

बाको त्यो वाक्य नै अन्तिम थियो।

भोलिपल्ट म प्लेन चढेर उड्ने दिन बा बित्नुभयो। प्लेनभित्र छिरेपछि थाहा पाएँ।

बाको अगाडि उभिएर 'बा म आएँ' भन्ने अवसर संधैका लागि गुमाएँ।

यात्रामा सपना देखेँ।

म सानो छु। अँगेनाको छेउमा आगो तापेर बसेको छु। बा बाहिर दलानमा हुनुहुन्छ कुर्सीमाथि। बा चुरोट सल्काउन आगो माग्दै हुनुहुन्छ। म दौडिएर अगुल्टो लिएर आउँछु। अगुल्टो देखेर बा तर्सिनुहुन्छ।

'के गर्छ यो, मलाई नै आगो लाउँछस् कि के हो!'

म झसंग भएँ। सपनाबाट ब्युँझे।

आर्यघाटमा बा चितामाथि सुतिरहनुभएको छ। कसैले बोलायो, 'कान्छा, बालाई दागबत्ती दे।' साँच्चै बालाई आगो लाउनुपर्‍यो। ह्वारह्वार आगो बल्यो। बालाई पोलेन। आइया-आत्था केही भन्नुभएन।

मलाई भने बेस्सरी पोल्यो। ठूलो स्वरले कराएँ, बा!

आज पनि बा सम्झेर कराउँछु। बा अगाडि हुनुहुन्छ। हेर्नु मात्र हुन्छ। म तड्पिन्छु। उफ्रिन्छु। टोलाउँछु। बा बाहिर निस्किन सक्नु हुन्न। बालाई मैले नै सिँगारिएको सिसाको जेलमा थुनेर राखेजस्तो भएको छ।

मैले बा गुमाएको साढे दुई वर्ष पूरा भयो। बा गुमाएपछि उहाँसग बिताएका दिनहरू सम्झिन्छु। मैले बासँग धेरै कुरामा असहमति जनाएको छु। कति विषयमा फरक मत राख्दा बा र मेरो दुई-चार दिन बोलचाल पनि भएन। त्यस्तोमा मै बा भन्दै पाउ पर्थेँ। बाको पाउँ छुदा न मलाई लज्जाबोध हुन्थ्यो, न बामा घमन्ड थियो।

मेरो एक्लोपनको सहारा पुस्तक भयो। म पुस्तकसँग भुल्न थालेँ। गफिन थालेँ। आफ्ना सुखदुःखका भावना लेख्न पनि थालेँ। सिनेमामा रमाउन थालेँ।

साढे दुई वर्षमा करिब एक सय दसवटा किताब पढेछु। सत्तरी वटा जति सिनेमा हेरेछु। सोह्रवटा लेख लेखेछु। तीन पटक नेपाल गएछु। परिवारका साथ पाँचवटा युरोपेली मुलुक घुमेछु।

भर्खरै बुद्धिसागरको 'एक्लो' पढेँ। पात्रको नाम नील रहेछ। मन फुरूंग भयो। मनमनै लेखक बुद्धिसागरलाई धन्यवाद भनेँ। पुस्तकको नाम एक्लो भएर के भयो र, ऊ एक्लो भएन। मैले एक्लो हुन दिइनँ।

अहिले म एक्लोसँग कयौं पुस्तक छन् जो एक्लो हुन चाहँदैनन्। म एक्लो हुन चाहन्नँ।

'म समाजको एक पात्र हुँ तर समाज पूरै मेरो होइन। अलिअलि पुस्तक पढेँ होला, समाज पढ्न बाँकी नै छ.' डा. नवराज केसीले आफ्नो किताब 'शून्यको मूल्य' मा लेखेका यी हरफ सम्झेँ।

मलाई अहिले त्यही लाग्छ, मैले समाज पढ्न बाँकी नै छ। जीवन पढ्न बाँकी छ। सबभन्दा ठूलो कुरो मान्छे हुन बाँकी छ। अझ महत्वपूर्ण कुरा, असल मान्छे हुन बाँकी छ। हेर्दा संसार रित्तो लाग्छ। तर बुद्धिसागरले भने झैं म रित्तो हुने छैन।

कथाहरू बोकेर हिँडेको मानिस कहिल्यै रित्तो हुँदैन...।

बाका कथाहरू बोकेर हिँडेको मानिस कहिल्यै रित्तो हुँदैन। बा! म रित्तो छैन!

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । पेसा र व्यवसायबाट लाभ हुनेछ ।

**वृष** महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । आर्थिक कारोबारमा विवाद पनि आउला ।

**मिथुन** मनमा हर्ष र उमङ्ग छाउनेछ । रमणीय, सुखद् र धार्मिक यात्राको योग छ ।

**कर्कट** मित्रबाट विशेष सहयोग मिल्ला । परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ ।

**सिंह** सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ । सौन्दर्यतामा धन खर्च हुनसक्छ ।

**कन्या** मनमा उत्पन्न शंका तथा डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन

**तुला** आर्थिक कारोबारमा सफलता मिल्नेछ । तर सौन्दर्यतामा धन खर्च हुनसक्छ ।

**वृश्चिक** मनमा उत्पन्न शंका तथा डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन

**धनु** विद्या र बुद्धिको विकास हुनेछ । पारिवारिक भेटघाटमा रमाइने छ ।

**मकर** धार्मिक कार्यमा रुचि बढ्नेछ । शेयर बजारको लगानीमा सफलता मिल्नेछ ।

**कुम्भ** कार्य सम्पादनमा सहजता मिल्नेछ । व्यापार व्यवसायमा सफलता पनि मिल्नेछ ।

**मिन** आज काम बिगार्ने तथा तपाईंको नकारात्मक सोच्नेहरू सक्रिय हुनेछन् ।